# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०८।१६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सर्लाही, चक्रघट्टा गाउँपालिका वडा नं. ४, सुन्दरपुरस्थित वहिदको जग्गादेखि ढङ्ग्रा खोलासम्म पक्की नाला निर्माण गर्ने कार्यमा गुणस्तरहीन कार्य गरी रकम अनिमियतता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरु उपर देहाय बमोजिमको सजायको मागदाबी लिई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

क) **तत्कालीन गाउँपालिका अध्यक्ष बिक्रम यादव, निमित्त प्रमुख प्रशासकीय अधिकृत मुकेश कुमार पाठक, इन्जिनियर अजय यादव र लेखापाल शिव शंकर प्रसाद कुसवाहाले** चक्रघट्टा गाँउपालिकाको आ.व. २०७५/०७६ को वहिदको जग्गादेखि ढङ्ग्रा खोलासम्म पक्की नाला निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको कार्य भएको भनी नापी किताबमा चढाई पेश गरेको झुट्टा बिल भरपाई र गलत कार्य सम्पन्न प्रतिवेदनकै आधारमा रु.३,४१,५४४।१३ बढी भुक्तानी दिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेकोले निजहरु तत्कालीन गाउँपालिका अध्यक्ष बिक्रम यादव, निमित्त प्रमुख प्रशासकीय अधिकृत मुकेश कुमार पाठक, इन्जिनियर अजय यादव र लेखापाल शिव शंकर प्रसाद कुसवाहालाई जनही रु.३,४१,५४४।१३ (तीन लाख एकचालीस हजार पाँच सय चवालीस रुपैंया तेह्र पैसा मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद एवं जरिवाना गरी बिगोसमेत असुल उपर हुन मागदाबी लिइएको छ ।

ख) **तत्कालीन गाउँपालिका अध्यक्ष बिक्रम यादव, वडा नं. ४ का वडा अध्यक्ष अब्दुल अहद कवारी, गाउँ कार्यपालिका सदस्यहरु विजय कुमार चौधरी र विनोद साह, निमित्त प्रमुख प्रशासकीय अधिकृत मुकेश कुमार पाठक, इन्जिनियर अजय यादव र सव-इन्जिनियर जितेन्द्र यादवले** चक्रघट्टा गाउँपालिकाको आ.व. २०७५/०७६ को वहिदको जग्गादेखि ढङ्ग्रा खोलासम्म पक्की नाला निर्माण गर्ने कार्यको अनुगमन गरी वास्तविक प्रतिवेदन दिनुपर्नेमा नेपाल सरकारलाई गैरकानूनी हानी पु-याउने बदनियतले निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको कार्य भएको भनी गलत कार्य सम्पन्न प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेकोले निजहरु तत्कालीन अध्यक्ष विक्रम यादव, वडा अध्यक्ष अब्दुल अहद कवारी, गाउँ कार्यपालिका सदस्यहरु विजय कुमार चौधरी र विनोद साह, निमित्त प्रमुख प्रशासकीय अधिकृत मुकेश कुमार पाठक, इन्जिनियर अजय यादव र सव-इन्जिनियर जितेन्द्र यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) वमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

ग) **उपभोक्ता समितिका अध्यक्ष शेख मो. इरफान अलि, कोषाध्यक्ष हजरा खातुन र सचिव मो. इरफान**ले जिल्ला सर्लाही, चक्रघट्टा गा.पा., वडा नं. ४, सुन्दरपुरस्थित वहिदको जग्गादेखि ढङ्ग्राखोलासम्म पक्की नाला निर्माणमा गाउँपालिकासँग भएको सम्झौताबमोजिमको शर्त पालना नगरी, लागत अनुमान बमोजिम गर्नुपर्ने सबै कामहरु नगरी कार्य सम्पन्न भएको भनी नेपाल सरकारलाई गैरकानूनी हानी र आफूहरुलाई लाभ पुऱ्याउने बदनियतले निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको झुट्टा बिल भरपाई बनाई भए गरेको भनी भए गरेको भन्दा बढी मूल्याङ्कन गरी गराई रु.३,४१,५४४।१३ बढी भुक्तानीसमेत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम कसुर गरेकोले निजहरु उपभोक्ता समितिका अध्यक्ष शेख मो. इरफान अलि, कोषाध्यक्ष हजरा खातुन र सचिव मो. इरफानलाई रु.३,४१,५४४.१३ (तीन लाख एकचालीस हजार पाँच सय चवालीस रुपैंया तेह्र पैसा मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम कैद वा जरिवाना गरी बिगोसमेत जफत हुन मागदाबी लिइएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी